# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १४ पुष २५, २०८०

### भाग-३

### सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाकोमिति २०८०/०९/२५ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | सडक बोर्ड नेपाल मिनभवन, काठमाण्डौको च.नं. ४६८ मिति २०८०/०८/०१ को पत्र बमोजिम सडक मर्मतसंभार कार्यक्रमका लागि व.उ.शि.नं.३३७३१०११३ अन्तर्गत कार्यकारी समितिको मिति २०८०/०७/२१ को निर्णयानुसार यस गुल्मीदरबार गाउँपालिकाको लागि रु.२५०००००।-(पच्चिस लाख) बजेट स्वीकृत भएको हुँदा सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शनको पालना गर्दै यस कार्यालयबाट सडकबोर्ड नियमावली २०६० परिच्छेद(३) नियम (९)बमोजिम व्यहोर्नु पर्ने २०% ले हुने रु. ६२५०००।-( छ लाख पच्चिस हजार) समपूरक कोषको रुपमा व्यहोर्ने गरी जम्मा रु.३१२५०००।-( एकतिस लाख पच्चिस हजार) बाट सडक बोर्ड निर्देशिका, २०६१ को परिच्छेद (२) को बुँदा ४ बमोजिम यस गाउँपालिकाको ४ वटा खण्डमा मर्मतसंभार गर्नको लागि १. गुल्मीदरबार गाउँपालिका वडा नं. १ - ७ सडक, २. गाप्टुङ्ग नयाँगाउँ र झिरबास सिस्ने वीरबास बन्द्रखुट्टा बाखे खर्ज्याङ्ग सडक ३. गौंडाकोट रेसुङ्गा सडक र गौंडाकोट झिरबास मजुवा सडक ४. चिनिया पोखरी राङ्गबास फेदी र डाँडापोखरी ग्वालिनचौर भरवा सडक मर्मत संभारका लागि छनौट गर्ने र उक्त सडक मर्मत संभारका लागि गाउँपालिकाले व्यहोर्नु पर्ने २०% ले हुने समपूरक कोषको रकम रु.६२५०००।–(छ लाख पच्चिस हजार) को गाउँपालिकाले बजेट सुनिश्चि समेत गर्ने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता रकम प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गर्दा केहि लाभग्राहीहरुले पूर्णरुपमा कागजपत्रहरु पेश नगरेको हुँदा समयमा सामाजिक सुरक्षा भत्ता रकम उपलब्ध गराउन नसकेको हुँदा सबैको विवरण वडा कार्यालयहरुमा पठाइएको छ । निजहरुसँग समन्वय गरि नपुग कागजात उपलब्ध गराउनको लागि जानकारी गराइयो । |
| ४ | यस गुल्मीदरबार गाउँपालिकाको आ.व.२०८०/०८१ को प्रथम चौमासिकसम्म भए गरेका कार्यप्रगतिको प्रथम चौमासिक प्रगति समिक्षा मिति २०८०/१०/२२ गते बिहान ११.०० बजे श्री रुन्खादह मा.वि. वीरबासमा गर्ने र आ.व.२०८०/०८१ को प्रथम चौमासिकसम्म भए गरेका कार्यप्रगतिको प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८०/१०/२२ अपरान्ह १.०० बजे श्री रुन्खादह मा.वि. वीरबासमा गर्ने निर्णय गरियो । |
| ५ | प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशको विज्ञापन नं. ५३००८/२०७९-८० (खुल्ला) स्थानीय सरकारी सेवा अन्तर्गत कृषि सेवा एकिकृत समूह(भेटेनरी/ला.पो.डे.डे ) सहायकस्तर पाँचौं तह पशु स्वास्थ्य प्राविधिक पदमा प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशको सूचना नं. २८३/२०८०-८१ मिति २०८०/०६/२५ गतेको सूचना बमोजिम यस गुल्मीदरबार गाउँपालिकामा योग्यता नं. १७ रोल नं. ४३८ का किसनकुमार खाती बुढीगंगा नगरपालिका-४, बाजुरा र योग्यता नं. २७ रोल नं. २७ का अविनाश गिरी चन्दननाथ नगरपालिका-९, जुम्लाका उम्मेदवार सिफारिस हुनु भएकोमा किसनकुमार खाती प्रदेश लोकसेवा आयोग सुदुरपश्चिम प्रदेशबाट खप्तड छेडेदरु गाउँपालिकामा सिफारिस भएको र अविनाश गिरी प्रदेश लोकसेवा आयोग कर्णाली प्रदेशबाट कुशे गाउँपालिकामा सिफारिस भएको हुँदा लुम्बिनी प्रदेशको सिफारिस नबुझी नियुक्ति नलिने भनि दुवै जनाले निवेदन पेश गरेको हुँदा लुम्बिनी प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ३२ र लुम्बिनी प्रदेश लोकसेवा आयोग नियमावली, २०७६ को नियम ३४ बमोजिम बैकल्पिक उम्मेदवार माग गर्ने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०८०/०८१ को हालसम्मको आम्दानी खर्चको छलफल गरियो हालसम्म पूँजीगत तर्फ आम्दानी रु.१२ करोड ८३ लाख १५ हजार खरच तर्फ रु.१ करोड १८ लाख २१ हजार मात्र |

| | |
|---|---|
| | भएको हुँदा पूँजीगत खर्च बृद्धि गर्नको लागि विकास निर्माणसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुलाई प्राथमिकतामा राखि काम गराउने निर्णय गरियो । |
| ७ | महालेखा परीक्षकको कार्यालय बबरमहल काठमाडौको च.नं. ३३ मिति २०८०/०९/१२ गते जारी गरेको १५ बुँदे निर्देशन छलफल गरि जानकारी लिइयो । सोहि बमोजिम कार्य गर्ने गराउने निर्णय गरियो । |
| ८ | गुल्मीदरबार गाउँपालिकामा खानेपानी तथा सरसफाई सम्बन्धी वासप्लान निर्माण गर्ने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत